# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २१० | काठमाडौं | बिहीबार, १५ मंसिर २०७९ | Prabhab National Daily | Thursday, December 1, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## यसरी हुन्छ नयाँ सरकार गठन र संसद् सञ्चालन

■ भीष्मराज ओझा/अशोक घिमिरे

**काठमाडौं–** प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउने क्रम अन्तिम चरणमा छ । निर्वाचन परिणामसँगै नयाँ सरकार गठन र संसद् सञ्चालनको चर्चा सुरु भएको छ । निर्वाचन आयोगका अनुसार हालसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १६५ मध्ये १६१ स्थानको नतिजा आइसकेको छ ।

प्राप्त मतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेसले ५४ स्थानमा जित हासिल गरी एक स्थानमा अग्रता कायम गरेको छ । यस्तै नेकपा एमालेले ४४, नेकपा माओवादी केन्द्रले १७, नेकपा एकीकृत समाजावदीले १०, जनता समाजवादी पार्टी (जसपा)नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात स्थानमा जित हासिल गरेका छन् । निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल चार, नगारिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीले एक/एक स्थान तथा स्वतन्त्र पाँच जनाले प्रत्यक्षतर्फ जित हासिल गरेका छन् ।

यसैगरी प्रतिनिधिसभाको समानुपातिकतर्फ बुधबार दिउँसोसम्म एक करोड ४२ हजार ५१४ सदर मतमध्ये एमालेले २७ लाख ९०४, कांग्रेसले २५ लाख ५९ हजार ४२, माओवादी केन्द्रले ११ लाख ४५ हजार ३९१, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ९८ हजार ६४७, राप्रपाले पाँच लाख ७१ हजार १६९, जसपाले तीन लाख ९६ हजार ८३९, जनमत पार्टीले तीन लाख ६० हजार ६६९ र एकीकृत समाजवादीले दुई लाख ८२ हजार ८८९ मत प्राप्त गरेका छन् ।

संघीय संसद्को तल्लो सदन प्रतिनिधिसभामा १६५ सांसद प्रत्यक्ष र ११० सांसद् समानुपातिक प्रणालीबाट निर्वाचित हुने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभा २७५ सदस्यीय हुनेछ भने संघीय संसद्को माथिल्लो सदन राष्ट्रियसभा ५९ सदस्यीय हुने संविधानमा उल्लेख छ ।

निर्वाचन आयोगले यसअघि यही मंसिर २२ गतेसम्म निर्वाचनको अन्तिम मतपरिणाम आइसक्ने र त्यसको सम्पूर्ण विवरण राष्ट्रपतिलाई बुझाउने समय निर्धारण गरेको थियो । बाजुरा, स्यांजा र दोलखामा निर्वाचन एवं मतगणनामा भएको ढिलाइले अन्तिम मतपरिणाम निर्धारित समयमै आउनेमा आशंका छ ।

निर्वाचनको मतपरिणाम अन्तिम चरणमा पुग्दै गर्दा दलहरूले नयाँ सरकार गठनका लागि प्रयास थालेका छन् भने संघीय संसद् सचिवालयले पनि नयाँ संसद् सञ्चालनका लागि आवश्यक तयारी थालेको छ । यसैबीच, प्रधानमन्त्री एवं कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले (**बाँकी पृष्ठ २ मा**)

## दोलखाका १० मतदान केन्द्रमा आज निर्वाचन

**काठमाडौं (प्रस)–** दोलखाका १० वटा मतदान केन्द्रमा आज (बिहीबार) मतदान हुँदै छ । यसअघि ४ मंसिरमा भएको मतदान रद्द गरेको निर्वाचन आयोगले आज निर्वाचन गर्न लागेको हो ।

मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठका अनुसार आज हुने निर्वाचनका लागि तयारी पूरा भएको र चारवटा बुथमा करिब आठ हजार मतदाता रहेको जानकारी दिए ।

आयोगको यही मंसिर ११ गते बसेको बैठकले दोलखाको वैत्यश्वर गाउँपालिका-६ का वैत्यश्वर माध्यमिक विद्यालय मतदान केन्द्रको क, ख, ग, वडा नं २ को जनज्योति माध्यमिक विद्यालय पुतली काठका मतदान केन्द्र क र ख, तामाकोसी गाउँपालिका-३ हेल्थपोस्ट भवन जफे मतदान केन्द्रका क र ख गरी सातवटा मतदान केन्द्रमा यही मंसिर ४ गते सम्पन्न भएको निर्वाचनलाई रद्द गरी सोही ठाउँमा पुनः मतदान गर्ने निर्णय गरेको थियो ।


आयोगले वैत्यश्वर वडा नम्बर ३ को कालीढुंगा मावि मतदान केन्द्रमा क, ख, ग मतदान केन्द्र भएको मतदानलाई पनि रद्द गरी पुनः मतदान गर्ने निर्णय गरी उक्त दिन पुनः मतदान सम्पन्न गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालय दोलखालाई निर्देशनसमेत दिएको थियो ।

समाचार टिप्पणी

# ओली 'ब्राण्डिङ'ले खुम्चिएको एमाले

अन्य दलभन्दा बढी मत पाए पनि दोस्रो पार्टीमा चित्त बुझाउनुपर्ने अवस्था आएको छ । यतिखेर एमाले 'ओली ब्राण्डिङ'का कारण 'किन चाउरिस् मरिच आफ्नै कारणले' भनेझैं खुम्चिनुपरेको छ ।

■ प्रभाव संवाददाता



ओलीको विकल्प ओलीमात्रै हुन् भन्ने मान्यताबाट एमाले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा होमियो । तर, त्यसले सकारात्मक परिणाम दिन सकेन । २०७४ मा सबैभन्दा ठूलो दल बनेको एमाले ४ मंसिरको निर्वाचनबाट दोस्रो बन्ने अवस्था आयो । बहुमत ल्याउने उद्घोष गर्दै 'ओली सरकार'को नारा बोकेर निर्वाचनमा हेलिएको एमाले अहिले चाउरिएको मरिचझैं भएको छ ।

**काठमाडौं–** २०७२ मा सरकारको नेतृत्व गर्न पाएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भारतीय नाकाबन्दीको खुलेर विरोध गर्नुका साथै वैकल्पिक व्यवस्थाका लागि नीतिगत पहल गरे । छिमेकी देशले अवरुद्ध गरिरहेको दैनिक 'लाइफलाइन'लाई सहज बनाउन लिएको अडान र नीतिगत पहलले राष्ट्रवादी नेताको रुपमा ओलीलाई स्थापित गऱ्यो । खासमा यही बिन्दुबाट 'ओली ब्राण्ड' स्थापित भयो ।

उनले नेपाललाई सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा स्थापित गराउने सवालमा चालेका कदमको चौतर्फी प्रशंसा भयो । विपक्षी पार्टी र आफ्नै पार्टीभित्रका आलोचकलाई समेत मौन बस्नुपर्ने अवस्था सिर्जना गरे । ओली एमालेका शक्तिशाली अध्यक्ष त थिए नै त्यसमाथि सबैतिरको वाहवाही र चर्चाले ओली ब्राण्डले गहिरो जग बसाल्यो । ओलीको लोकप्रियता यति बढ्यो कि २०७४ को संघीय निर्वाचनअघि नेकपा माओवादी केन्द्र र एमालेबीच पार्टी एकता गर्ने सहमति बन्यो । वाम एकताको अपरिहार्यतालाई यो सहमतिले नयाँ दिशानिर्देश गऱ्यो ।

पार्टी एकताको विजारोपण गर्ने विषयमा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालको भूमिका बराबरी भए पनि ओलीको चर्चा बढी हुन थाल्यो । ठूला कम्युनिस्ट पार्टी एकताको सन्देशसहित निर्वाचनमा होमिएको एमाले सबैभन्दा ठूलो दल बन्न सफल भयो र ओली दोस्रोचोटी प्रधानमन्त्री बन्न सफल भए । त्यसपछि नै ओली नामको ब्राण्डिङ चुलिन थाल्यो ।

माओवादी र एमाले एकताबाट नेपाल कम्युनिस्ट पार्टीको उदय भयो । पार्टीमा दुई अध्यक्ष रहने व्यवस्था गरियो । यसपछि ओली पार्टी अध्यक्ष र प्रधानमन्त्री दुवै बने । पार्टीभित्र र बाहिर ओलीको महिमागान सुरु भयो र उनले आफूलाई 'सर्वेसर्वा' भएको महसुस गरे । पार्टीभित्रै एक पक्षले ओली ब्राण्डलाई जोडतोडले प्रचारप्रसार गर्न थाल्यो । यसले अर्कोपक्षलाई सकस पारे पनि पार्टी एकता टुंगोमा पुऱ्याउनुपर्ने बाध्यताका कारण मौन र हनुपऱ्यो । सोही कारण ओलीको महत्त्वाकांक्षामा थप ऊर्जा भरियो ।

'नयाँ युगको सुरुआत' भन्दै सामाजिक सुरक्षा कार्यक्रमको उद्घाटनका बेला सहर भरि होर्डिङ बोर्डमा उनको बडेमानका फोटाहरु टाँगियो । यतिखेरसम्म ओली ब्राण्ड देशमात्र नभएर विदेशमासमेत फैलिइसकेको थियो । ओली सरकारको विकासका योजना र 'समृद्ध नेपाल, सुखी नेपाली'को परिकल्पनाले मूर्तरुप लिनेमा सन्देह भए पनि आशा भने जगाएको थियो ।

ओली ब्राण्डिङ यति उत्कर्षमा पुग्यो कि अब देशमा ओलीबाहेक अरुले केही गर्नै सक्दैनन् भन्ने भाष्य निर्माण गर्न खोजियो । फलस्वरुप एकताको पूर्णता नभएको नेकपाभित्र तीव्र विवाद सिर्जना भयो र ओली ब्राण्डिङबाट दबिएका पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतमलगायतका नेताहरुले ओलीको विरोधमात्रै गरेनन्, बहुमतका आधार मा उनलाई पार्टी सदस्यबाटसमेत हटाउने अवस्थासमेत सिर्जना भयो । तर, ओली न पार्टी अध्यक्षबाट हटे न प्रधानमन्त्रीबाट नै र ाजीनामा दिए । अन्ततः पार्टी एकताको स्वाद चाख्न नपाई नेकपा फुट्यो । नेकपा जुट्नु र फुट्नुमा पनि ओली हावी रहे ।

नेकपाको फुटसँगै ओलीसँग असन्तुष्ट एमाले नेताहरु पाखा लागे । ओलीको एकलौटी कार्यशैलीले नेकपा फुटबाट पुरानै स्वरुपमा आएको एमाले पनि फुट्यो । त्यतिमात्रै होइन, ओलीले दुईदुई पटक संसद् विघटन गरे । तर, सर्वोच्च अदालतको आदेशमा दुई पटक नै संसद् विघटनको निर्णय खारेज भए । अदालतको आदेशले ओलीको प्रधानमन्त्री पद गुमे पनि ओली ब्राण्डिङको गति रोकिएन ।

एमालेभित्र ओलीको एकलौटी निर्णय र कार्ययोजनाले निरन्तरता पायो । पार्टी महाधिवेसनबाट ओली पुनः अध्यक्षमा निर्वाचित भए र आफ्नो अनुकूलका व्यक्तिहरुलाई निर्विवाद पदाधिकारीसहित महत्त्वपूर्ण जिम्मेवारी सुम्पिए । फेरि पनि ओली पार्टीमा शक्तिशाली भए । उनले विरोधी तप्कालाई पाखा लगाए र यसपालिको आमनिर्वाचनमा ' मंसिर ४, ओली सरकार' भन्ने व्यक्तिकेन्द्रित नारालाई स्थापित गराए ।

पार्टीमा सामान्य कार्यकर्तादेखि उनका समकालीन नेतासम्मलाई अबको प्रधानमन्त्री ओली नै हुन् र हुनुपर्छ (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## कतारले स्वीकार गऱ्यो आप्रवासी कामदारको मृत्यु



'पियर्स मोर्गन अनसेन्सर्ड' टेलिभिजन कार्यक्रममा अन्तर्वार्ता दिँदै विश्वकप आयोजनासम्बन्धी उच्च समितिका प्रमुख हसन अल थवादी ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वकप फुटबल २०२२ सफलतापूर्वक सञ्चालन गरिरहेको कतारले त्यहाँ काम गर्ने थुप्रै आप्रवासी कामदारको मृत्यु भएको स्वीकार गरेको छ । विश्वकप आयोजनाका लागि पूर्वाधार निर्माण गर्ने क्रममा ४०० देखि ५०० सम्म आप्रवासी कामदारको मृत्यु भएको कतारले स्वीकार गरेको हो ।

विश्वकप आयोजनासम्बन्धी उच्च समितिका प्रमुख हसन अल थवादीले पूर्वाधार निर्माण तथा आयोजना तयारीका क्रममा ४०० देखि ५०० श्रमिकको मृत्यु भएको बताएका छन् । थवादीले 'पियर्स मोर्गन अनसेन्सर्ड' टेलिभिजन कार्यक्रममा अन्तर्वार्ता दिँदै भनेका छन्, 'मैले ठ्याक्कै संख्या उल्लेख गर्न नसके पनि ४०० देखि ५०० कै बीचमा होला, त्यसमध्ये काम गर्ने क्रममा तीन जना र ३७ जनाको अन्य अवस्थामा मृत्यु भएको छ ।' उनले पियर्ससँगको संवादमा आप्रवासी कामदारको मृत्युबारे कतार सरकार पारदर्शी रहेको र एउटै मृत्यु पनि दुःखको कुरा भएको बताएका छन् । 'हामीले हरेक वर्ष कार्यक्षेत्रको अवस्थामा सुधार गर्दै लगेका थियौं । कम्तीमा विश्वकप आयोजनास्थलचाहिँ सुधार गरेका थियौं,' उनले भनेका छन् ।

अल थवादीको अन्तर्वार्ता प्रसारण भएपछि अन्तर्राष्ट्रिय अधिकारवादी संस्था फेयर स्क्वायरले कतार जिम्मेवार र उत्तरदायीरूपमा प्रस्तुत नभएको भन्दै कडा आलोचना गरेको छ । उक्त संस्थाको आलोचनालाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यम द गार्डियनले आप्रवासी श्रमिकको मृत्युको मुद्दामा कतारले अक्षम्य पारदर्शिता देखाइरहेको र वास्तविकता लुकाउँदै अस्पष्ट तथ्यांक र सञ्चारमाध्यममा दिएको अन्तर्वार्ता पर्याप्त नहुने उल्लेख गरेको छ । फिफा र कतारले अझै थुप्रै प्रश्नको उत्तर दिनुपर्ने भन्दै श्रमिकको कसरी र कहाँ मृत्यु भयो, तिनका आश्रित परिवारले क्षतिपूर्ति पाए/पाएनन् भन्ने स्पष्ट जवाफ दिनुपर्ने बताएको छ ।

थवादीले सन् २०१४ यता विश्वकप आयोजनासम्बन्धी पूर्वाधार निर्माणका क्रममा तीन जनाको मात्र मृत्यु भएको दाबी गरे पनि गार्डियनले सन् २०२१ मा प्रकाशित गरेको खोज तथा अनुसन्धानमूलक रिपोर्टमा नेपालसहित पाँच देशका छ हजार ५०० भन्दा बढी आप्रवासी श्रमिकको मृत्यु भएको दाबी गरेको छ । गार्डियनले सन् २०११ देखि २०२० सम्म एक हजार ६४१ नेपाली कामदारको मृत्यु भएको उल्लेख गरेको छ । गार्डियनले जनाएअनुसार दुई हजार ७११ भारतीय, एक हजार १८ बंगलादेशी, ८२४ पाकिस्तानी र ५५७ श्रीलंकन कामदारको मृत्यु भएको छ ।

आप्रवासी कामदारको शोषण गरेको र रंगशाला निर्माणका क्रममा मृत्यु भएका कामदारको परिवारलाई क्षतिपूर्ति नदिएको भन्दै कतारी सरकारको चौतर्फी आलोचना हुँदै आएको छ । अन्तर्राष्ट्रिय अधिकारवादी संघसंस्थादेखि युरोपेली संसद्लेसमेत पूर्वाधार बनाउने क्रममा मृत्यु भएका, गम्भीर चोटपटक लागेका र ज्यालाबाट वञ्चित भएका श्रमिक र तिनका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन कतार सरकार र फिफालाई दबाब दिइरहेका छन् ।

## 'साउदीबाट श्रम स्वीकृति नवीकरण गर्न बायोमेट्रिक अनिवार्य'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा नै बायोमेट्रिक गरेर साउदी अरेबिया पुगेका श्रमिकहरुले मात्रै साउदीमा श्रम स्वीकृति नवीकरण गर्न पाउने भएका छन् । नेपालबाटै बायोमेट्रिक नगरी वैदेशिक रोजागरीका लागि साउदीमा रहेका नेपालीहरुले अनलाइन प्रणालीमार्फत श्रम स्वीकृति नवीकरण गर्न नसक्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ ।

दूतावासले एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगारीमा आउँदा श्रम स्वीकृति लिँदाका बखत बायोमेट्रिक गरेर आएका कामदारहरूको मात्रै अनलाइन प्रणालीमार्फत श्रम स्वीकृति नवीकरण गर्न सकिने उल्लेख गरेको छ । 'बायोमेट्रिक नगरी आउनुभएकाहरूको श्रम स्वीकृति नवीकरण गर्न नेपाल नै जानुपर्ने हुन्छ,' दूतावासले भनेको छ । विज्ञप्तिमा अनलाइनमार्फत श्रम स्वीकृति नवीकरण गर्ने सम्पूर्ण काम व्यक्ति स्वयंले गर्नुपर्ने जनाउँदै बायोमेट्रिक गरेका कामदारले अनलाइन लगइन गर्न पासवर्ड भुले वा बिर्सिए दूतावासमा सम्पर्क गर्न आग्रह गरिएको छ ।

दूतावासले श्रम स्वीकृतिको अवधि सकिएपछि विदेशमा कुनै पनि कारणले मृत्यु भएमा वा अन्य कुनै अकल्पनीय घटना घटी गम्भीर बिरामी भएमा वैदेशिक रोजगार कल्याणकारी रकम र बिमाबापतको रकम दाबी गर्नसक्ने कानुनी व्यवस्था नभएको स्पष्ट गरेको छ । यसर्थ वैदेशिक रोजगारीको क्रममा रहेका सम्पूर्ण नेपालीलाई श्रम स्वीकृतिको म्याद समाप्त भइसकेको वा हुनु अगावै वैदेशिक रोजगार विभागको वेवसाइटमा लगइन गरी साउदी अरबबाटै श्रम स्वीकृति नवीकरण गर्न दूतावासले अनुरोध गरेको छ ।




## यसरी हुन्छ..

पृष्ठ १ बाट जारी

भेट गरी पाँचदलीय सत्ता गठबन्धनकै नयाँ सरकार बनाउने सम्बन्धमा आपसी छलफल सुरु गरेका छन् ।

**के छ नयाँ सरकार गठनको संवैधानिक व्यवस्था**

नेपालको संविधानको धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने प्रावधान छ । प्रतिनिधिसभाका प्रत्यक्ष १६५ र समानुपातिक ११० सिटको हालसम्मको मतपरिणाम हेर्दा कुनै पनि दलको बहुमत नआउने स्पष्ट छ । प्रतिनिधिसभाको कूल २७५ सिटमध्ये बहुमत पुऱ्याउन १३८ सिट ल्याउनुपर्छ ।

सोही धाराको उपधारा (२) मा कुनै पनि दलको स्पष्ट बहुमत नरहेका अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ ।

त्यस्तै उपधारा (३) मा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुनसक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

उपधारा (४) मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ । उपधारा (५)मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नसक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

उपधारा (६)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्नेछ । त्यस्तै उपाधारा (७)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुनेगरी निर्वाचनको मिति तोक्ने संविधानको व्यवस्था छ ।

उपधारा (८)मा संविधानबमोजिम भएको प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने प्रावधान छ ।

**नयाँ संसद् सञ्चालनको तयारी**

संविधानको ९३ मा राष्ट्रपतिले प्रतिनिधिसभाका लागि निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संघीय संसद्को अधिवेसन आह्वान गर्ने व्यवस्था छ । निर्वाचनको अन्तिम मतपरिणाम प्राप्त हुने समय नजिकिएसँगै संघीय संसद् सचिवालयले संसद् बैठक सञ्चालनका लागि आवश्यक तयारी प्रारम्भ गरेको छ । प्रतिनिधिसभा निर्वाचनको अन्तिम मतपरिणाम आएसँगै दलहरूले नयाँ सरकार गठनको पहल गर्ने र नयाँ सरकार गठनपछि उक्त सरकारले संसद् बैठकको अधिवेसन आह्वान गर्नेछ । संसद् बैठक बस्नु अगावै प्रतिनिधिसभाका नवनिर्वाचित सांसदमध्ये ज्येष्ठ सांसदले राष्ट्रपतिबाट शपथ लिने संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमले जानकारी दिए । ज्येष्ठ सदस्यले अन्य सदस्यलाई शपथ गराएपछि संसद् बैठक प्रारम्भ हुनेछ ।

निर्वाचनपछिको पहिलो संसद् बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्ने छिन् । संविधानको धारा ९५ को उपधारा (२) मा राष्ट्रपतिले प्रतिनिधिसभाको निर्वाचनपछिको पहिलो अधिवेसन र प्रत्येक वर्षको पहिलो अधिवेसन प्रारम्भ भएपछि संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने उल्लेख छ ।

प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यले आफूमध्येबाट सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्नेछ । सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनेगरी निर्वाचन गर्नुपर्ने तथा सभामुख र उपसभामुख फरक दलबाट प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ ।

**अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमै संसद् बैठक**

यसअघि सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसद्को नयाँ भवनमा नयाँ संसद् बैठक बस्ने भनिए पनि निर्धारित समयमै निर्माण सम्पन्न नहुँदा अबको संसद् बैठक हालको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा नै बस्नेछ । उक्त नयाँ भवन सम्पन्न हुन अझै केही वर्ष लाग्ने देखिएको छ ।

प्रतिनिधिसभाको यस निर्वाचनबाट दलहरू र स्वतन्त्र सांसदको संख्या बढ्ने देखिएपछि त्यसको व्यवस्थापनको तयारीमा सचिवालय जुटेको छ । थपिने दलहरू र सांसदका लागि सिंहदरबार परिसरमै संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष र बैठककक्ष, सवारीसाधन र कर्मचारीलगायत आवश्यक व्यवस्थापनको तयारी थालिसकिएको सचिवालयका प्रवक्ता डा. रोजनाथ पाण्डेले जानकारी दिए ।

उनले भने, 'निर्वाचनबाट आउने दल र सांसदका लागि संसदीय दलको कार्यालयलगायत व्यवस्थापन गर्नुपर्ने भयो, सिंहदरबारभित्र उपयुक्त स्थानमा कार्यालय उपलब्ध गराउनेगरी तयारी थालेका छौं ।' २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पाँचवटा राष्ट्रिय दल बनेका थिए भने एमालेबाट विभाजन भएको एकीकृत समाजवादीलाई पनि सचिवालयले दलको कार्यालय उपलब्ध गराएको थियो ।

यसबाहेक दुई वा दुईभन्दा बढी सांसद भएका दललाई सचिवालयले संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष, बैठक कक्ष उपलब्ध गराउनुपर्नेछ । यस निर्वाचनबाट प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व भएको छ भने पाँच स्वतन्त्र सांसद निर्वाचित भएका छन् । *रासस*

## यसरी हुन्छ..

पृष्ठ १ बाट जारी

भन्ने गहिरो छाप पार्न सफल भए । ओलीको विकल्प ओलीमात्रै हुन् भन्ने मान्यताबाट एमाले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा होमियो । तर, त्यसले सकार ात्मक परिणाम दिन सकेन ।

२०७४ मा सबैभन्दा ठूलो दल बनेको एमाले ४ मंसिरको निर्वाचनबाट दोस्रो बन्ने अवस्था आयो । बहुमत ल्याउने उद्घोष गर्दै 'ओली सरकार'को नारा बोकेर निर्वाचनमा हेलिएको एमाले अहिले चाउरिएको मरिचझैं भएको छ । प्रत्यक्षमा मुस्किलले ४४ सिट हात पारेको एमालेले समानुपातिकमा अन्य दलभन्दा बढी मत पाए पनि दोस्रो पार्टीमा चित्त बुझाउनुपर्ने अवस्था आएको छ । यतिखेर एमाले 'ओली ब्राण्डिङ'का कारण 'किन चाउरिस् मरिच आफ्नै कारणले' भनेझैं खुम्चिनुपरेको छ ।

# निकटतम् प्रतिस्पर्धी भई पराजित महिला उम्मेदवार

■ सृजना राई





काठमाडौं- यही मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत प्रतिनिधिसभाका १६२ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजानिक भइसकेको छ । ती मध्ये नौ महिला प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । यसरी निर्वाचित हुनेमा नेकपा एमालेबाट बारा-३ बाट ज्वालाकुमारी साह, धनुषा-३ बाट जुलीकुमारी महतो, सुनसरी-३ बाट भगवती चौधरी र कास्की-२ बाट विद्या भट्टराई छन् ।

यसैगरी तेह्रथुम-१ बाट नेपाली कांग्रेसकी सीता गुरुङ, दाङ-२ बाट नेकपा माओवादी केन्द्रकी रेखा शर्मा, कैलाली-१ बाट नागरिक उन्मुक्ति पार्टीकी रञ्जिता श्रेष्ठ, ललितपुर-३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीकी डा. तोसिमा कार्की र सोही पार्टीबाट काठमाडौं-२ मा सोविता गौतम निर्वाचित भएका छन् ।

प्रतिनिधिसभा सदस्यतर्फको निर्वाचनमा निकटतम प्रतिस्पर्धीका रूपमा पराजित हुनेमा १५ महिला उम्मेदवार रहेका छन् । निर्वाचन आयोगका अनुसार प्रदेश १ मा तीन, मधेस प्रदेशमा एक, कर्णाली प्रदेशमा एक, लुम्बिनी प्रदेशमा पाँच, गण्डकीमा एक, बागमती प्रदेशमा एक र सुदूरपश्चिममा तीन निकटतम प्रतिस्पर्धी महिला उम्मेदवार बनेका छन् । पराजित हुने अधिकांश पूर्वसासंद महिला छन् ।

**प्रदेश १**

मोरङ निर्वाचन क्षेत्र नं २ मा नेपाली कांग्रेसकी सुजाता कोइरालाले एमालेका ऋषिकेश पोखरेलसँग एक हजार २०८ मतले पराजित भइन् । उनले ३१ हजार ९४० मत प्राप्त गरिन् ।

सुनसरी-१ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी गोमा तामाङ जनता समाजवादी पार्टीका अशोक राईको निकटतम प्रतिस्पर्धी बनिन् । मतगणनाका क्रममा केही समय अग्रता लिएकी तामाङले अन्तिम मतपरिणाममा भने ४५३ मतान्तरले राईसँग पराजित भइन् । उनले १६ हजार ६०६ मत ल्याएकी छन् ।

एमालेकी मञ्जुकुमारी चौधरी उदयपुर-१ मा कांग्रेसका डा. नारायण खड्कासँग पराजित भएकी छन् । डा. खड्कासँग दुई हजार ३७९ मतान्तरले चौधरी पराजित भएकी थिइन् ।

**मधेस प्रदेश**

सिरहा-२ मा जसपाका राजकिशोर यादवसँग कांग्रेसकी चित्रलेखा यादव एक हजार १५० मतान्तरले पराजित भइन् । चित्रलेखाले २३ हजार २८ मत प्राप्त गरिन् ।

**कर्णाली प्रदेश**

जुम्ला-१ मा माओवादी केन्द्रकी गोमा गौतम (कुँवर) राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीको निकटतम प्रतिस्पर्धी बनिन् । उनले ११ हजार ९५९ मत प्राप्त गरेकी थिइन् भने शाहीले २२ हजार ८१९ मत प्राप्त गरे ।

**लुम्बिनी प्रदेश**

दाङ-१ मा एमालेकी शान्ता चौधरी नेकपा एकीकृत समाजवादीका मेटमणि चौधरीको निकटतम् प्रतिस्पर्धी बनिन् । शान्ता मेटमणिसँग पाँच हजार ८३ मतान्तरले पराजित भइन् । शान्ताले २१ हजार ४९३ मत प्राप्त गरेकी थिइन् ।

दाङ-३ मा एमालेकी कोमल वली कांग्रेसका दीपक गिरीको निकटतम् प्रतिस्पर्धी बनिन् । गिरी ३६ हजार ९११ मतसहित निर्वाचित भए । गिरीसँग सात हजार ८१९ मतले वली पराजित भएकी हुन् ।

प्यूठान-१ मा राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल एमालेका सूर्यबहादुर थापा क्षेत्रीको निकटतम् प्रतिस्पर्धी बनिन् । ४१ हजार ११८ मतले निर्वाचित भएका थापासँग पाँच हजार ३०४ मतान्तरले पौडेल पराजित भइन् । पौडेलले ३५ हजार ८१४ मत प्राप्त गरेकी थिइन् ।

अर्घाखाँची-१ मा कांग्रेसकी पुष्पा भुसाल (गौतम) एक हजार ७३० मतले एमालेका टोपबहादुर रायमाझीसँग पराजित भइन् । भुसालले ४० हजार ९४५ मत प्राप्त गरेकी थिइन् ।

गुल्मी-२ मा एकीकृत समाजवादीकी रामकुमारी झाँक्री एमालेका गोकर्णराज विष्टसँग दुई हजार ३५ मतान्तरले पराजित भइन् । झाँक्रीले २६ हजार ४४१ मत प्राप्त गरिन् ।

**गण्डकी प्रदेश**

बागलुङ-२ मा एमालेकी मञ्जु शर्मा चार हजार ६०१ मतान्तरले माओवादी केन्द्रका देवेन्द्र पौडेलसँग पराजित भइन् । शर्माले २० हजार १९३ मत प्राप्त गरी पौडेलको निकटतम् प्रतिस्पर्धी बनिन् ।

**बागमती प्रदेश**

मकवानपुर-१ मा राप्रपाका दीपकबहादुर सिंह निर्वाचित हुँदा उनको निकटतम् प्रतिस्पर्धी कांग्रेसकी महालक्ष्मी उपाध्याय (डीना) भइन् । उनले दुई हजार ३८६ मतान्तरले राप्रपाका सिंहसँग पराजित भएकी हुन् ।

**सुदूरपश्चिम प्रदेश**

कञ्चनपुर-१ मा एमालेका तारा लामा तामाङ निर्वाचित भए । उनको निकटतम् प्रतिस्पर्धी माओवादी केन्द्रकी बीना मगर भइन् । पाँच हजार ५४३ मतान्तरले पराजित भएकी मगरले १९ हजार चार मत प्राप्त गरिन् ।

कञ्चनपुर-३ मा कांग्रेसका रमेश लेखकसँग एमालेकी निरुदेवी पाल १२ हजार ९० मतान्तरले पराजित भइन् । डोटी-१ मा एमालेकी गौरीकुमारी ओली एकीकृत समाजवादीका प्रेमबहादुर आलेसँग चार हजार २६ मतान्तरले पराजित भइन् ।

**"आन्तरिक संगठनहरू बलियो भएन"**

एमालेकी गौरीकुमारी ओली भन्छिन्, 'मैले जति मत पाएकी छु त्यो जनताले स्वस्फूर्त दिएको मत हो । म उहाँहरूको मनमा बस्न सफल भएको छु ।' सोही पार्टीकी कोमल वली मतदाता शिक्षाका अभावमा बदर मतको कारण पनि आफ्नो मत काटिएको बताउँछिन् ।

पराजित भएपछि निर्वाचन समीक्षा गर्दै एमालेकी पाल भन्छिन्, 'मेरो हारको मुख्य चुनौती गठबन्धन बन्यो ।' गठबन्धनका तर्फबाट कांग्रेसकी पराजित कोइराला भन्छिन्, 'गठबन्धनभित्रबाटै सहयोग भएन, आन्तरिक संगठनहरू बलियो भएन । मलाई गठबन्धनका सबै दलबाट भोट प्राप्त भएन ।' सोही पार्टीकी यादवले भनिन्, 'गठबन्धनभित्रका साथीहरूबाट नै मत पाइनँ । हामीले सुरुमा आंकलन गरेको गठबन्धनको मतले मेरो जित सुनिश्चित थियो । मैले उहाँहरूलाई विश्वास गरें । अन्तिममा भित्रबाटै धोका भयो ।'

राष्ट्रिय स्वतन्त्र पार्टीकी तामाङ निर्वाचनमा पहिलोपटक उम्मेदवार हुँदा जनताले विश्वास गरेर आफूलाई दिएको मत महत्त्वपूर्ण रहेको बताइन् । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AASA MIDDLE EAST CONTRACTING CO.LLC

पूर्व स्वीकृति मिति २०७९/०७/२२ पून: स्वीकृति मिति २०७९/०७/२२ LT. No. 274964 चलानी नं. ६०१९०७५६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 1200 | ४२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २२ गते (8th Dev. 2022) मा हुनेछ ।

Rope Access Technician Cleaner ले पनि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT. LTD

श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर १५ गते बिहीबार

| | |
|---|---|
| **मेष** | पारिवारिक कार्य सफल हुनेछ । |
| **वृष** | अनावश्यक जिम्मेवारी नलिनुहोला । |
| **मिथुन** | लामो यात्रा हुनेछ । |
| **कर्कट** | सबै कार्यमा सावधानी राख्नुहोला । |
| **सिंह** | नयाँ काम बन्नेछ । |
| **कन्या** | राजनीतिक लाभ प्राप्त हुनेछ । |
| **तुला** | धर्म पालनामा रूचि देखिन्छ । |
| **वृश्चिक** | नयाँ साथी बन्ने योग छ । |
| **धनु** | नयाँ कार्यमा सावधानी राख्नुहोला । |
| **मकर** | शुभ समाचार प्राप्त हुनेछ । |
| **कुम्भ** | नयाँ काम मिल्ने सम्भावना छ । |
| **मीन** | आय बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर १५ गते, २०७९, १ डिसेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.४० | १३१.०० |
| युरो | १ को | १३५.२६ | १३५.८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५५.४६ | १५६.१८ |
| स्विस फ्रैन्क | १ को | १३७.०६ | १३७.६९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४९ | ८७.८९ |
| क्यानाडियन डलर | १ को | ९७.७७ | ९८.२२ |
| सिंगापुर डलर | १ को | ९४.९९ | ९५.४३ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | १८.३२ | १८.४० |
| साउदी अरब रियाल | १ को | ३४.६९ | ३४.८५ |
| कतारी रियाल | १ को | ३५.६५ | ३५.८१ |
| थाई भाट | १ को | ३.६५ | ३.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५० | ३५.६७ |
| मलेसियन रिंगेट | १ को | २८.६४ | २८.७७ |
| दक्षिण कोरियन वन | १०० को | ९.७५ | ९.७९ |
| स्विडिस क्रोनर | १ को | १२.३० | १२.३६ |
| डेनिस क्रोनर | १ को | १८.१९ | १८.२७ |
| हङकङ डलर | १ को | १६.६७ | १६.७५ |
| कुवेती दिनार | १ को | ४२३.६५ | ४२५.६० |
| बहराइन दिनार | १ को | ३४५.९४ | ३४७.५३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# रेडपाण्डाको बासस्थान संकटमा



**जाजरकोट–** मंगलबार दिउँसो जाजरकोट कुशे गाउँपालिका–९ पैंक गाउँमा रेडपाण्डा भेटियो । स्थानीयवासीको सहयोगमा सो रेडपाण्डा प्रहरीलाई जिम्मा लगाइयो । प्रहरी चौकी पैंकलाई जिम्मा लगाएको रेडपाण्डा केही समयमै मृत्यु भएको खबर सार्वजनिक भयो ।

बाटोमै रेडपाण्डा मरेपछि जिउँदो बुझाउने प्रयास असफल भएको जाजरकोटका प्रहरी प्रमुख सन्तोष निरौलाले जानकारी दिए । बाक्लो निगालो हुने ठाउँबाट रेडपाण्डा गाउँमा पसेपछि उद्धार गरिए पनि जिउँदो रेडपाण्डालाई सुरक्षित स्थानमा लिएर छाड्ने प्रयास असफल भएको हो ।

यसरी महिनापिच्छे लेकबाट गाउँमा रेडपाण्डा पसे पनि रेडपाण्डाका बारेमा गाउँलेलाई जानकारी नहुँदा कुकुरको सिकार हुने गरेको बारेकोट गाउँपालिका–५ का जनकबहादुर शाहीले जानकारी दिए । उनले भने, 'बारेकोटका पाटन क्षेत्रमा आगलागीबाट सबैभन्दा धेरै रेडपाण्डा मारिएको पाइन्छ । लाटो जनावर भएकाले भाग्ने थाहा नपाउँदा मर्ने र मारिने गरेको छ । वर्षायाममा भैंसी, भेडासँग पाटन क्षेत्रमा ल्याइएका कुकुरले सबैभन्दा बढी रेडपाण्डाको सिकार गर्ने गरेका छन् ।'

त्यस्तै पाटन क्षेत्रमा जडीबुटी संकलकर्ताले समेत रेडपाण्डा मार्ने गरेका पाइएको छ । हिउँदयाममा सिकार गरिएको रेडपाण्डाको अवशेषहरू जंगलभरि भेटिने गरेको स्थानीयवासी शाहीले बताए ।

जिल्ला प्रहरी कार्यालयले मात्र अघिल्लो आर्थिक वर्षमा पाँच रेडपाण्डाका मुद्दा चलाएको प्रहरीको तथ्यांकमा उल्लेख रहेको छ । जानकारी आएका मात्र ती घटनाहरू रहेका छन् । अन्य जानकारी नपाएका चोरी, पैठारीका भारी घटना भए पनि गाउँघरमै मिल्ने गरेका छन् ।

जाजरकोटमा बारेकोट, कुशे गाउँपालिका र नलगाड नगरपालिकामा रेडपाण्डा पाइने गर्दछ । डोल्पाको मुड्केचुला र जुम्लाको पातारासी र सिञ्जा गाउँपालिकामा रेडपाण्डा पाइने गर्दछ ।

गाउँगाउँमा रेडपाण्डासम्बन्धी सचेतना नपुगेको बताइएको छ । विभिन्न संघ, संस्थाले रेडपाण्डासम्बन्धी कार्यक्रम गरे पनि ती सबै प्रभावकारी नदेखिएको सरोकारवालको दाबी रहेको छ । बर्सेनि रेडपाण्डासम्बन्धी सदरमुकाममा निश्चित व्यक्तिको सहभागितामा कार्यक्रम हुने गरेका छन् । गाउँमा रेडपाण्डासम्बन्धी क्लब गठन गरेको सदरमुकाममा प्रचार गरिए पनि त्यो समितिले आफूले गर्ने कामको विषयमा जानकार नै नभएको पाइएको छ ।

त्यस्तै डोल्पाको मुड्केचुला गाउँपालिकाको पाटन क्षेत्रमासमेत रेडपाण्डा पाइने गरेको छ । गाउँपालिकाका अध्यक्ष दत्तबहादुर शाहीका अनुसार रेडपाण्डा संरक्षणका लागि पालिकाले विशेष महत्त्व दिएर काम गरिरहेको छ । डिभिजन वन कार्यालयको सहकार्यमा पालिकाले आफैंले पनि धेरै प्रचार र संरक्षणका काम गरेको अध्यक्ष शाहीले जानकारी दिए ।

डिभिजन वन कार्यालयका कर्मचारीहरू फिल्डमा कम खटिने जनाइएको छ । कुशेको दुई र बारेकोटको चार सामुदायिक वन समूहसँग सहकार्य गरेर रेडपाण्डा संरक्षणसम्बन्धी कार्यक्रम गरिरहेको रेडपाण्डा नेटवर्कका भूपलाल खत्रीले बताए ।

दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ । बासस्थान विनास, खण्डीकरण, चोरी सिकारीका कारण संरक्षित क्षेत्रमै संख्या कम हुनु यसका प्रमुख चुनौती हुन् । रेडपाण्डा संरक्षणमा स्थानीय सरकार जागरुक नहुनुले पनि अर्को समस्या थपिएको छ । रेडपाण्डाको संरक्षण र चोरी सिकारीमा स्थानीय सरकारले नीतिगत व्यवस्था गर्नुपर्नेमा नागरिक अगुवा राजेन्द्रविक्रम शाहले बताए ।

लजालु स्वभावको वन्यजन्तु रेडपाण्डाको बासस्थान भनेको निगालोको जंगल नै भएकाले त्यसको संरक्षण गरिनुपर्ने उनको भनाइ छ । वन क्षेत्रमा हुने आगलागी, गाईवस्तु चरिचरन, बढ्दो मानवीय गतिविधिले रेडपाण्डाको संरक्षण चुनौतीपूर्ण देखिएको उनले बताए । उच्च पहाडी क्षेत्रका वन क्षेत्रमा पाइने रेडपाण्डाको आयु आठदेखि १० वर्षसम्म हुन्छ । पुस र फागुनमा भाले लाग्ने र जेठदेखि साउनसम्म गर्भाधान हुने महिनाका रूपमा लिइन्छ । रेडपाण्डालाई पर्यटन प्रवर्द्धन गर्न र अध्ययन अनुसन्धान गर्न महत्त्वपूर्ण वन्यजन्तु मानिँदै आएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा कुनै पनि व्यक्तिले नियन्त्रणमा राखेको वा मारेको र ओसार पसार गरेको पाइएमा पाँचदेखि १५ वर्ष कैद, पाँचदेखि १० लाख रुपैयाँ जरिवाना वा दुवै सजाय हुने प्रावधान रहेको छ ।

रेड पाण्डाको सहवास समय र सन्तान जन्माउने समयमा रेडपाण्डाको बासस्थानमा स्थानीयलाई जान नदिने, चरि चरण गर्न नदिने, कुकुर लैजान नदिने गरेमा यसको संरक्षण हुने जानकारको भनाइ छ । रेडपाण्डाको बासस्थान विनास नगराई सामुदायिक वनहरूलाई रेडपाण्डा संरक्षणमैत्री गतिविधि सञ्चालन गराएमा प्रभावकारी हुने अपेक्षा स्थानीयले लिएका छन् । समुन्द्र सतहबाट झण्डै तीन हजार ६०० मिटर उचाइमा रेडपाण्डा बढी पाइन्छ । विश्वकै दुर्लभ वन्यजन्तु रेडपाण्डा बासस्थान र आहारा संकटमा पर्दै गएको छ ।

निगालोको टुसा र पात रेडपाण्डाको मुख्य आहारा हो । रातो हाब्रेको नामले चिनिने रेड पाण्डाको बासस्थान विनास, चोरी सिकारीका घटनालगायतका कारण संरक्षणमा कठिनाइ थपिँदै गएको हो । *रासस*

# कास्कीमा पाँच प्रतिशत मत बदर

**गण्डकी (प्रस)–** कास्कीमा यस पटकको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा करिब पाँच प्रतिशत मत बदर भएको छ । तीन निर्वाचन क्षेत्र रहेको कास्कीमा कूल दुई लाख ९१ हजार ५६८ मतदाता रहेकामा प्रतिनिधिसभा सदस्यका लागि प्रत्यक्षतर्फ एक लाख ७८ हजार ८०६ मत खसेको थियो ।

त्यसमध्ये सदर मत एक लाख ७० हजार ३४४ र बदर मत आठ हजार ४६४ रहेको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिए ।

त्यस्तै प्रतिनिधिसभाको समानुपातिकतर्फ तीनवटै निर्वाचन क्षेत्रमा गरी छ हजार ७३८ मत बदर भएको छ । जिल्लाको प्रदेशसभा निर्वाचनमा प्रत्यक्षतर्फ छ हजार २० मत बदर भएको छ भने समानुपातिकतर्फ १० हजार ३८५ मत बदर भएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/०४/२१ मा दर्ता भएको प्रा.लि. नं. ७४८६० को **एक्सीस इन्जिनियरिङ्ग एण्ड कन्सल्ट्यान्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७/०८/२५ मा दर्ता भएको प्रा.लि. नं. २४९५०६ को **कलेज अफ इकमर्स एण्ड इनोभेशन सेन्टर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७९/०८/१५

यस कम्पनीको मिति २०७९/०६/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कालिकोट त्रिरत्न टेक्निकल इन्स्टिच्युट प्रा.लि. (प्रा.लि. नं. ८४५६५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **कर्णाली बहुप्राविधिक शिक्षालय प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०८/१५**

यस कम्पनीको मिति २०७९/०७/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **आशा इन्क प्रा.लि** नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **टिएआई इन्क प्रा.लि** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०७/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टिएआई इन्क प्रा.लि (प्रा.लि.नं.२७३३७१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SECO TECHNOLOGY SDN BHD

पुर्व स्वीकृति मिति : २०७९/०८/१४ LT. No.276703 चलानी नं.६०१९२५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२ गते (8th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHADA EMPLOYMENT SERVICES PVT.LTD.**
SES SHADA EMPLOYMENT SERVICES
Gaushala-9, Kathmandu, Nepal Tel : +977-1-4465484, 4465461
Fax: +977-1-4465453 E-mail : Contact@sesjob.com
Website : www.sesjob.com
श्रम ईजाजत नं. १३८७/०७४/०७५

# विभिन्न हातहतियार बरामद

**बर्दिया (प्रस)–** बासगढी नगरपालिका–८ बनगौडी बस्ने ५० वर्षीय गुलराम थारुको घरबाट विभिन्न हातहतियार बरामद गरिएको छ । प्रहरीले बुधबार बिहान थारुको घरमा छापा मारी हातहतियार बरामद गरेको हो ।

विशेष सूचनाको आधारमा प्रहरी चौकी लक्ष्मण बर्दिया, बर्दिया राष्ट्रिय निकुञ्ज (रम्भापुर सेन्टर) र रम्भापुर आर्मी चेकपोस्टबाट खटिएको संयुक्त टोलीले उनको घर तलासी गर्दा भरुवा बन्दुक एक थान, सोही बन्दुकको नाल एक थान, गज एक थान, डेटोनेटर आठ थान, फलामको छर्रा (सानो/ठूलो) ५१५ वटा, गोलीमा प्रयोग हुने फलामको टुक्रा १७५ वटा, वारुद १५ ग्राम, केप २५ वटा, चित्तलको मासुजस्तो देखिने सुकुटी एक किलो र बदेलको जस्तो देखिने दारा चारवटा फेला पारी बरामद गरेको जानकारी दिइएको छ । गुलरामकी श्रीमती ५० वर्षीय पोटनी थारूलाई प्रहरीले नियन्त्रणमा लिई हाल फरार गुलरामको खोजी गरिरहेको जनाएको छ ।

**धनपालथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोराभाग, मोरङ्ग**
**१ नं प्रदेश नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**(सूचना प्रकाशन मिति २०७९।०८।१५)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०७९।०५।०७ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बिधुतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित खरिद कार्यको लागि रित पुर्वक दर्ता हुन आएका बिधुतिय बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्र सारभुतरुपमा प्रभावग्राही रहेको बोलपत्र मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.स. | ठे. नं. | कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. बाहेक) |
|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | सेनेटरी प्याड खरिद | श्री नित्य श्री सप्लायर्स, बिराटनगर | रु. १३,५७,३१४।- |

**प्रमुख प्रशासकीय अधिकृत**

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TECHNIRAY SDN. BHD

पूर्व स्वीकृति मिति २०७९/०८/१४ LT. No. 276826 चलानी नं. ६०१९२३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 7 | 0 | 1500 | ४४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२ गते (8th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम ईजाजत नं. १०९७/०७३/०७४

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FOO YUAN VEGETARIAN SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०८/१४ LT No.276665 चलानी नं. :६०१९२४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Worker | 25 | 0 | 1500 | ४४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२ गते (8th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(RED SUN SOLUTIONS PVT.LTD)**
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI
Tel : +977-01-5210104
Email: inforedsun2017@gmail.com,
Web: www.redsunemployment.com.np
Govt. License 1274/074/75

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/०७ पून विज्ञापन स्वीकृति मिति २०७९/०८/१४ LT. No. 259699 चलानी नं. ६०१९२४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ORDINARY LABOR | 74 | 0 | 1000 | ३४,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२/२३ गते (8/9th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाःरु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

## गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०७९।०८।१५**

यस कार्यालयबाट तपसील बमोजिम औषधीजन्य सामाग्री सप्लाई कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त कार्यको लागि निर्धारित समयभित्र ***www.ppmo.gov.np/epg*** मार्फत कार्यालयमा दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही पाईएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४७ को प्रयोजनार्थ उक्त ऐनकै दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील:**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम, ठेगाना | कुल मुल्यांकित रकम रु.(भ्याट र PS समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १. | BRMMK/NCB/PMSG/08-2079.080 | Supply of medicine and surgical goods | Helping Multipurpose Pvt Ltd, Maitidevi, Kathmandu. | ११,२२,९४४।०५ (अक्षरेपि: एघार लाख बाइस हजार नौ सय चौवालिस रुपैँया पाँच पैसा मात्र) | |

**भिमफेदी गाउँपालिका**
**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

रूपशाला


## कान्ये र किमको सम्बन्धविच्छेद् सम्झौता

हलिउडको लोकप्रिय र्‍यापर कान्ये वेस्ट र रियालिटी टीभी स्टार किम कार्दाशियनबीच सम्बन्धविच्छेदको सम्झौता पूरा भएको छ। सम्झौताको एक हिस्साका रूपमा कान्यले बच्चाका लागि किमलाई हरेक महिना एक लाख डलर भुक्तान गर्नुपर्नेछ। अदालतको दस्तावेजमा पूर्वजोडीले आफ्नो चार सन्तानलाई संयुक्त रूपमा स्याहानुपर्ने उल्लेख छ। चार सन्तानको खर्चका अलावा कान्येले उनीहरूको पढाइमा हुने खर्चको ५० प्रतिशत हिस्सा आफूले व्यहोर्ने छन्। दुवैको सन्तानको उमेर ३ देखि ९ वर्षको बीचको छ। यो सम्झौताअनुसार यदि चार बच्चामध्ये कुनै एकको सम्बन्धमा विवाद भएमा दुवैले मध्यस्थता गर्नुपर्नेछ।




बिहीबार, १५ मंसिर २०७९ (Thursday, December 1, 2022)




# ‘च्याङ्बा’को भिडियो सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांगीतिक व्याण्ड एक्सिसले नयाँ गीत ‘च्याङ्बा’को भिडियो सार्वजनिक गरेको छ। सन् २००० मा स्थापना भएको व्याण्डले तेस्रो एलबम ‘घर गाउँ’मा रहेको यो गीत सार्वजनिक गरेको हो।

भैरहवाको लहर व्याण्डको ओर्जिनल भर्सनको यो गीतलाई व्याण्डले नयाँ रुपमा श्रोता तथा दर्शकमाझ ल्याएको हो।

गीतमा सन्दिप विश्वकर्माको स्वर छ। गायक सन्दिपले गीतले केटाले केटीलाई जिस्क्याएको थिम बुझाउने बताए। उनले एलबम सन् २०१७ मा निकाले पनि कोरोना महामारीका कारण भिडियो बजारमा आउन ढिलो भएको खुलाए।

नवाङ मोक्तान र अकेश ताम्राकार फिचर्ड भिडियोमा बल्लु र उमंग शाहीको क्यामरा, सिद्धार्थ शाक्यको ड्रोन, बिजु बज्राचार्य र विकास खड्गीको सम्पादन तथा विकास खड्कीको भीएफएक्स तथा कलर ग्रेडिङ छ। भिडियो व्याण्डले आफ्नो युट्युब च्यानल एक्सिस अफिसियलमार्फत सार्वजनिक गरेको हो।

विश्व अनलाइन स्ट्रिम प्लेटफमको रेंकिङ अनुसार नेपालभरीको बेण्ड क्याटेगोरीमा नेपथ्य, १९७४ एडी, अल्बट्र्स र द एज भन्दा पहिलो स्थानमा एक्सिस रहेको छ।

व्याण्डले हालसम्म ‘अधुरो प्रेम(२००३)’, ‘मलाई माफ गरि देउ (२००९)’ र ‘घर गाउँ(२०१७)’ तीन एलबम बजारमा ल्याइसकेको छ। व्याण्डमा सन्दिपसहित लिड गितारमा बिर्जु कर्माचार्य, गितारमा विक्रम मानन्धर, बेस गिटारमा सजिन महर्जन र ड्रममा कविन शाक्य छन्।

# इन्द्रले ल्याए ‘नयाँ बनपाले’ चित्रकथा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चारकर्मीसमेत रहेका रंगकर्मी इन्द्र चौधरीको बालकथा ‘नयाँ बनपाले’ ‘चित्रकथा’ सार्वजनिक भएको छ। बालबालिकाको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको संस्था रुम टु रिडले सो बालकथा प्रकाशन गरेको हो।

वर्तमान समयमा जलवायु परिवर्तनको समस्या दिन प्रतिदिन बढ्दै गइरहेको छ। सो समस्यालाई न्यूनीकरण गर्न बालबालिकालाई सानैदेखि वातावरण संरक्षणसम्बन्धी ज्ञान वा चेतना जगाउने उद्देश्यले यो बालकथा सिर्जना गरिएको लेखक चौधरीले बताए। ‘यसको मुख्य विषयवस्तु वातावरण संरक्षण कसरी गर्नुपर्छ भन्ने नै हो’, चौधरीले भने, ‘यस विषयमा बालबालिकालाई सानैदेखि जलवायु परिवर्तनको समस्या बुझाउन र वातावरण संरक्षण गर्न उत्प्रेरित गर्नु हो।’



लेखक चौधरीका अनुसार रानाथारू जातिमा प्रचलित एक लोककथाबाट विषयवस्तु तथा पात्रलाई लिएर यो बालकथा सिर्जना गरिएको हो। ‘यसमा रानाथारू जातिमा प्रचलित लोककथाका पात्र र विषयवस्तुलाई बालशैलीमा ढालेर सरल भाषामा नयाँपन ल्याइएको छ’, उनले भने।

अनन्त वाग्लेको सम्पादन रहेको यस बालकथाको चित्र अनुश्री लामाले बनाएकी हुन् भने यसको डिजाइन विपीन सोडारीले गरेका हुन्। सम्पादक वाग्लेले अहिलेको जल्दोबल्दो समस्या जलवायु परिवर्तनको कारण के हो रु भन्नेबारे जानकारी दिन र यसलाई जोगाउन के गर्नुपर्छ भन्नेबारे बालबालिकालाई सचेत गराउन यो बालकथाले महत्त्वपूर्ण भूमिका खेल्ने बताए।

रंगकर्मी र पत्रकारका रूपमा काम गरिरहेका चौधरीले यो पुस्तक प्रकाशनसँगै बालकथाकारका रूपमा अर्को परिचय थपेका छन्। यो उनको यो दोस्रो बालकथा हो भने पुस्तकाकारका रूपमा प्रकाशित पहिलो बालकथा हो। यसअघि उनको द एसिया फाउन्डेसनद्वारा ‘ढोला फर्कियो त रु’ नामक बालकथा प्रकाशित छ। जुन लेट्स रिड नेपालको वेबसाइटमा पढ्न सकिन्छ। त्यसैगरी चौधरीको नेपाल प्रज्ञा प्रतिष्ठानबाट ‘रानाथारू समुदायमा प्रचलित लोककथा तथा मिथक’ नामक अनुसन्धानात्मक पुस्तक पनि प्रकाशित छ।

# उपचारका लागि दक्षिण कोरिया जाँदै सामन्था

■ प्रभाव संवाददाता

**मुम्बई–** साउथ अभिनेत्री सामन्था रुथ प्रभु यतिबेला मायोसिटिस नामको गम्भीर रोगबाट पीडित छिन्। उनी यो रोगको उपचारका लागि दक्षिण कोरिया जाने भएकी छन्।

गत अक्टोबरमा सामन्थाले आफ्नो रोगको बारेमा जानकारी दिँदै केही समयदेखि रोगको उपचार गरिरहेको खुलासा गरेकी थिइन्। उनले उपचार जारी भए पनि रिकभरीको स्टार निकै कम रहेको बताएकी थिइन्। उनी उपचारमा आयुर्वेद पद्धति अपनाइरहेकी छिन्।

सामन्था निकटका अनुसार उनी एडभान्स उपचारका लागि केही समय बिताउने गरी दक्षिण कोरिया जान लागेकी हुन्। उनी त्यहाँ केही महिना बस्नेछिन्। मायोसिटिस एक अटो इम्युन रोग हो। यो रोगले बिरामी निकै कमजोर महसुस गर्छन्। बिरामीको मांशपेसीमा तीव्र लगातार दुखाई बढ्छ। यस्ता रोगका बिरामीलाई बस्न, सिँढी चढ्न, वजन उठाउन समस्या पर्दछ। केही काम नगरीकन पनि बिरामीले थकानको अनुभव गर्छन्। कैयौंपटक यो रोगका कारण बिरामीह डिप्रेसनको सिकार पनि बन्छन्।

सामन्था पछिल्लोपटक फिल्म ‘यशोदा’मा देखिएकी थिइन्। उनको पाइपलाइनमा ‘शाकुन्तलम’, ‘कुशी’ र ‘गढ’ फिल्म छन्।



## रंगशाला

# नकआउट प्रवेश लागि जापानले स्पेनको सामना गर्दै, क्रोएसिया र बेल्जियम भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वकप फुटबलमा आज (बुधबार) समूह ‘इ’ र ‘एफ’का लिग चरणका अन्तिम खेलहरु हुने भएका छन्। जसअनुसार यी दुई समूहका ८ टिमबीच चार खेल हुँदैछ। पहिलो खेलअन्तर्गत समूह ‘इ’को क्रोएसिया र बेल्जियमका साथै क्यानडा र मोरक्कोबीच राती पौने ९ बजे खेल हुँदैछन्। त्यस्तै अर्का खेल समूह ‘एफ’का जापान र स्पेन र अर्को खेलमा कोस्टारिका र जर्मनीबीच राती पौने १ बजे हुने भएको छ।

त्यस्तै बुधबार कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत बुधबार चार खेलहरु भए। जसमा समूह ‘सी’ र समूह ‘डी’ का दुई दुई खेलहरु भए।

पहिलो दुई खेलमा समूह ‘डी’ मा रहेका ट्युनिसिया र फ्रान्स तथा अस्ट्रेलिया र डेनमार्क बीच भए। त्यस्तै दोस्रो दुई खेलमा समूह ‘सी’ मा रहेका अर्जेन्टिना र पोल्याण्ड तथा साउदी अरब र मेक्सिको बीच भए।



**कतार विश्वकप-२०२२**

**आजका खेल**

**क्रोएसिया-बेल्जियम (राति ८:४५ बजे)**
**क्यानडा-मोरक्को (राति ८:४५ बजे)**
**जापान-स्पेन (राति १२:४५ बजे)**
**कोस्टारिका-जर्मनी (राति १२:४५ बजे)**

### सेनेगल नकआउटमा

सेनेगल फिफा विश्वकप फुटबलको नकआउट चरणमा प्रवेश गरेको छ। मंगलबार राति भएको खेलमा इक्वेडरलाई २-१ गोल अन्तरले हराउँदै सेनेगल राउण्ड अफ १६ मा प्रवेश गरेको हो।

यस जितसँगै सेनेगल समूह ‘ए’ को दोस्रो स्थानमा रहदै नकआउट चरणमा पुगेको हो। सेनेगलले ३ खेलमा ६ अंक जोड्यो। इक्वेडर समूह चरणबाट बाहिरिएको छ।

### नेदरल्याण्ड समूह विजेता

नेदरल्यान्ड्स समूह विजेता बन्दै फिफा विश्वकप फुटबलको नकआउट चरणमा प्रवेश गरेको छ। मंगलबार राति भएको खेलमा आयोजक कतारलाई २-० गोल अन्तरले हराउँदै नेदरल्यान्ड्स समूह विजेता बनेको हो। यस जितसँगै नेदरल्यान्ड्सले ३ खेलमा ७ अंक जोड्यो। नेदरल्यान्ड्स समूह ‘ए’ को शीर्ष स्थानमा रहदै नकआउट चरणमा पुगेको हो।

### इंग्ल्यान्डमा नकआउट

इंग्ल्यान्ड कतारमा जारी फिफा विश्वकप फुटबलको नकआउट चरणमा प्रवेश गरेको छ। मंगलबार राति भएको खेलमा वेल्सलाई ३-० गोल अन्तरले हराउँदै इंग्ल्यान्ड राउण्ड अफ १६ मा प्रवेश गरेको हो। जितसँगै इंग्ल्यान्ड समूह ‘बी’ को विजेता बनेको छ। इंग्ल्यान्डले ३ खेलमा ७ अंक जोडेर शीर्ष स्थान हासिल गर्‍यो।

### अमेरिका नकआउट

अमेरिका कतारमा जारी फिफा विश्वकप फुटबलको नकआउट चरणमा प्रवेश गरेको छ। मंगलबार राति इरानलाई १-० गोल अन्तरले हराउँदै अमेरिका राउण्ड अफ १६ मा प्रवेश गरेको हो। यस जितसँगै अमेरिका समूह ‘बी’ को उपविजेता बन्दै नकआउट चरणमा पुगेको हो। अमेरिकाले ३ खेलमा ५ अंक जोड्यो।

# मधेसलाई पराजित गर्दै सुदूरपश्चिम फाइनलमा



**काठमाडौं (प्रस)–** यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा मधेस प्रदेशलाई पराजित गरि सुदूरपश्चिम प्रदेश एक खेल अगावै फाइनल पुगेको छ। फाइनलमा स्थान सुरक्षित गर्ने क्रममा सुदूरपश्चिमले मधेसलाई ७ विकेटले पराजित गरेको हो।

मधेसले सुदूरपश्चिमलाई जितका लागि १ सय २३ रनको लक्ष्य दिएकोमा सुदूरपश्चिमले १८.५ ओभरमा ३ विकेट गुमाएर लक्ष्य पुरा गर्‍यो।

सुदूरपश्चिमको जितमा दिपक बोहोराले ५८ बलमा ५३ रनको अर्धशतकीय ईनिङ खेले। दीपक बोहोराले २४ रन जोड्दा गजेन्द्र बोहोराले १० बलमा अविजित २३ रन जोडे।

मधेसका लागि अविशेक तिवारीले २ तथा साइमन रोयले १ विकेट लिए। टियु क्रिकेट मैदानमा भएको खेलमा पहिले ब्याटिङ गरेको मधेसले ३८.१ ओभरमा अलआउट हुदै १ सय २२ रन बनाएको थियो। मधेसका लागि अलि अन्सारीले ५६ बलमा ३२ रन जोड्दा इम्रान शेखले २८ रन जोडे। मयन यादवले २३ तथा डब्लु मल्लिकले ११ रन बनाए।

मधेसका अन्य ब्याटरले दोहोरो अंकमा समेत रन बनाउँन सकेनन्। सुदूरपश्चिमका लागि नरेन साउदले ९.१ ओभरमा २४ रन खर्चिएर ५ विकेट लिए। हेमन्त धामीले ३ तथा युवराज खत्रीले २ विकेट लिए।

अपराजित सुदूरपश्चिम आजको खेलमा जित हात पारेर एक खेल अगावै फाइनल पुगेको छ। पाँच खेलबाट सुदूरपश्चिमको १० अंक भएको छ। मधेस प्रदेश चार खेल अंक बिहिन रहेर अंक तालिकाको पुछारमा रहेर प्रतियोगिताबाट बाहिरिसकेको छ। प्रतियोगितामा प्रदेश-१, मधेस प्रदेश,बागमती प्रदेश,गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको छ।

सिंगल राउन्ड रोविनपछि शीर्ष दुई टोली मंसिर १९ मा फाइनल खेल्नेछन्। प्रतियोगिताको विजेताले २ लाख नगद प्राप्त गर्दा उपविजेताले १ लाख नगद पाउने छन्। यस्तै प्लेयर अफ द सिरिज बन्ने खेलाडीले १५ हजार तथा उत्कृष्ट बलर र ब्याट्सम्यानले १०/१० हजार पाउने छन्।

# भारतविरुद्धको सिरिज न्युजिल्याण्डलाई

■ एजेन्सी

**न्युजिल्याण्ड –** घरेलु टोली न्युजिल्याण्डले पाहुना टोली भारतविरुद्धको एकदिवसीय अन्तराष्ट्रिय सिरिज जितेको छ। तीन खेलको एकदिवसीय सिरिज घरेलु टोलीले १-० ले जितेको हो।

बुधबारको अन्तिम र आईतबार भएको दोस्रो खेल वर्षाका कारण पुरा हुन नसकि रद्द भएको थियो। गत शुक्रबार भएको पहिलो एकदिवसिय खेलमा घरेलु टोली विजयी भएको थियो। बुधबारको खेलमा भारतले दिएको २ सय २० रनको लक्ष्य पछ्याएर जवाफी ब्याटिङ गरिरहेको घरेलु टोलीले १८ ओभरमा १ सय ४ रन बनाउँदा भारी वर्षा भएसँगै खेल रोकिएको थियो।

वर्षा रोकिएर खेल पुनः सुचारु हुन नसके पछि खेल रद्द भएको हो। वर्षाले खेल रोकिनु



अघि फिना एलेनले ५४ बलमा ५७ तथा डेभन कन्वेले ३८ रन बनाएका थिए। भारतका लागि उमरान मल्लिकले १ विकेट लिएका थिए।

क्राईस्टचर्चमा त्यसअघि पहिले ब्याटिङ गरेको भारतले ४७.३ ओभरमा अलआउट हुदै २ सय १९ रन जोडेको हो। पाहुना टोलीका लागि वासिंटन सुन्दरले ६४ बलमा ५१ रनको अर्धशतकीय ईनिङ खेले। श्रेयस अय्यरले ४९ रन जोड्दा कप्तान शिखर धवनले २८ रन जोडे। शुभमन गिलले १३ तथा दिपक चहर र दिपक होडाले १२/१२ रन बनाए।

रिषभ पन्तले १० रन जोड्दा भारतका अन्य ब्याटरले दोहोरो अंकमा समेत रन बनाउन सकेनन्। घरेलु टोलीका लागि ड्यारियल मिचेल र एडम मिल्नेले समान ३/३ तथा टिम साउदीले २ विकेट लिए।

# भारतले तीन महिनापछि हटायो चामल निर्यातको प्रतिबन्ध

**नयाँदिल्ली–** भारतले चामल निर्यातमा लगाएको प्रतिबन्ध फुकुवा गरेको छ । तीन महिनापछि सरकारले चामल निर्यातमाथिको प्रतिबन्ध हटाएको हो ।

विदेश व्यापार महानिर्देशनालय (डिजिएफटी)ले मंगलबार अबेर एक सूचना जारी गरेर निर्यात फुकुवा गरेको जनाएको छ । संघीय वाणिज्य तथा उद्योग मन्त्रालयअन्तर्गतको डिजिएफटीले पर्याप्त आन्तरिक आपूर्ति सुनिश्चित गर्न तथा हिउँदे बालीको याममा चामलको कम उत्पादन हुने आशंकामा जैविक गैरबासमती चामललगायत अन्य चामलको निर्यातमा प्रतिबन्ध लगाएको थियो ।

वैदेशिक व्यापार नियमन एवं प्रवर्द्धनमा संलग्न उक्त निकायले त्यसबेला स्वदेशी आपूर्ति बढाउन उसिना चामलबाहेक गैरबासमती जातका चामलमा २० प्रतिशत निर्यात शुल्कसमेत लगाएको थियो । चामलको सम्भावित अभाव हुने डर हटेपछि प्रतिबन्ध हटाइएको सरकारी अधिकारीले बताएका छन् । *रासस ⁄ सिन्ह्वा*

# चीनका पूर्वराष्ट्रपति चियाङ चेमिनको निधन



**बेइजिङ–** चीनका पूर्वराष्ट्रपति चियाङ चेमिनको निधन भएको छ । रक्तकोषिका र श्वेतरक्तकोषिकामा भएको अकल्पनीय उतारचढाव तथा बहुअंग समस्याका कारण सांघाईमा बुधबार मध्याह्न उनको निधन भएको हो ।

नेता चियाङ ९६ वर्षका थिए । बुधबार चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)को केन्द्रीय समितिले उनको निधनको घोषणा गरेको हो ।

पूर्वराष्ट्रपति चियाङले सन् १९८९ देखि २००२ सम्म सिपिसीको महासचिव, सोही वर्षदेखि सन् २००४ सम्म केन्द्रीय सैन्य आयोगको अध्यक्ष तथा सन् १९९३ देखि २००३ सम्म राष्ट्रपतिका रुपमा चीनको नेतृत्व गरेका थिए । उमेर र शारीरिक अस्वस्थताका कारण नेता चियाङ बितेका तीन वर्षयता सार्वजनिकस्थलमा देखिएका थिएनन् । तीन वर्षअघि उनी तत्कालीन प्रधानमन्त्री ली फङको अन्त्येष्टिमा सहभागी भएका थिए । *रासस ⁄ सिन्ह्वा*

# इरान विरोध प्रदर्शन : साढे चार सय मारिए

**तेहरान-** बाइस वर्षीया महसा अमिनीको प्रहरी हिरासतमा भएको मृत्युलाई लिएर गत असोजदेखि देशभर सुरु भएको विरोध प्रदर्शनका क्रममा इरानी सुरक्षा बलले कारबाही गर्दा ४४८ जना मारिएका छन् ।

विरोध प्रदर्शनमा सुरक्षाकर्मीसँग भएका झडप तथा प्रदर्शन दबाउन सुरक्षाकर्मीले बल प्रयोग गर्दा उनीहरू मारिएका मानव अधिकार समूहलाई उद्धृत गर्दै अरब न्युजले जनाएको छ ।

नर्वेको इरान मानव अधिकार समूहका अनुसार हालसम्म मारिएका ४४८ जनामध्ये ६० जना १८ वर्ष मुनिका नाबालिग छन् । अठार वर्ष मुनिका नौ जना केटी पनि सुरक्षाकर्मीको कारबाहीमा मारिएका छन् । *रासस ⁄ एएनआई*

## माईग्रेसन हराएको सूचना

मिति २०७९/०३/०८ गते खरीबोट, शानेपादेखि जावलाखेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सागर ढकाल**
**ठेगानाः औराहा, जीतपुर, सिमारा**
**रजिस्ट्रेसन.नं.: ३-२-२३-२१०-२०१५**
**सिम्बोल.नं.: ३६५८२**
**सम्पर्कः ९८६०९१७९९२**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL RAHMAN AL-OTAISHAN &SONS GROUP CO. LLC

पूर्व स्वीकृति मिति २०७९/०७/१४ पून विज्ञापन स्वीकृति मिति २०७९/०८/१४ LT. No. 274433 चलानी नं. ६०१९०२५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman Worker | 1 | 0 | 2600 | ९०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Insulation Technician | 1 | 0 | 1800 | ६२,८२५ | | | | | | | |
| 3 | Tile Setter | 5 | 0 | 1300 | ४५,३७५ | | | | | | | |
| 4 | Truck Driver | 2 | 0 | 1800 | ६२,८२५ | | | | | | | |
| 5 | Workshop Worker | 20 | 0 | 1200 | ४१,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२ गते (8th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम इजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEST SEAFOOD RESTAURANT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/१३ LT No :276648 चलानी नं. ६०१९२३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 10 | 0 | 1500 | ४४,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२ गते (8th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Trans World
Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED JOBS SRL

पूर्व स्वीकृति मिति २०७९/०८/१४ LT. No. :276946 चलानी नं.६०१९२४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 650 | ८५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook Helper | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 3 | Waiter | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 4 | Cleaner | 10 | 5 | 550 | ७२,०९० | | | | | | | |
| 5 | Nanny | 0 | 5 | 650 | ८५,२०० | | | | | | | |
| 6 | Caregiver | 0 | 5 | 600 | ७८,६४५ | | | | | | | |
| 7 | Gardener | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 8 | Factory Worker | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 9 | General Worker | 40 | 5 | 550 | ७२,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२ गते (8th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ४०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Balaha Overseas Pvt. Ltd.** Govt. License 1534/078/079

Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1-5910171, E-mail: info@balahaoverseas.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIMA EMPLOYMENT SRL

पूर्व स्वीकृति मिति २०७९/०८/१४ LT No :276936 चलानी नं. ६०१९२४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 650 | ८५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook Helper | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 3 | Factory Worker | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 4 | Construction Worker | 10 | 0 | 650 | ८५,०६५ | | | | | | | |
| 5 | General Worker | 60 | 20 | 550 | ७२,०९० | | | | | | | |

कम्पनी : SAISH INTERNATIONAL SRL

पूर्व स्वीकृति मिति २०७९/०८/१४ LT No :276934 चलानी नं. ६०१९२४४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 650 | ८५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 650 | ८५,०६५ | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७२,०९० | | | | | | | |
| 4 | Construction Worker | 10 | 0 | 650 | ८५,०६५ | | | | | | | |
| 5 | Baker | 10 | 0 | 600 | ७८,६४५ | | | | | | | |
| 6 | General Worker | 50 | 20 | 550 | ७२,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२ गते (8th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५०० कामदार आफैले सेवा शुल्कः ७०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

**B.M. Overseas Pvt. Ltd.**

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GUNUNG SERAYA WOOD PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१४ LT. No. 265332 चलानी नं. ६०१८१५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 21 | 0 | 1500 | ४४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YB ENTERPRISE SDN. BHD. (MALAYSIA)

पूर्व स्वीकृति मिति २०७९/०४/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१४ LT. No. 268148 चलानी नं. ६०१८४१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २२ गते (8th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

Government of Nepal
Ministry of Health and Population

## Covid-19 Unified Central Hospital
## Bir Hospital

**Mahabouddha, Kathmandu**

## Invitation of Bid

**Date of Publication : 01 December 2022 (2079/08/15 B.S.)**

1. *Covid-19 Unified Central Hospital, Bir Hospital, Mahabouddha, Kathmandu* invites tender from eligible bidders for the Supply & Delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information *Covid-19 Unified Central Hospital, Bir Hospital, Mahabouddha, Kathmandu.* Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www. bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   a. Name of Bank : Rastriya Banijya Bank, Teku, Kathmandu
   b. Name of Office : National Academy of Medical Sciences, Bir Hospital
   c. Office Code No. : 370613501
   d. Office Account No : 1010200010000
   e. Rajaswa Shirshak no : 14229
4. Bid must be purchasing till 12:00 hour date as below
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of *National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.*
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceuroment Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

| Bid ID No. | Requirement | Opening Date | Bid Document Fee | Bid Security |
|---|---|---|---|---|
| NAMS/ NCB/079/80/07 | Supply & Delivery of Pathology Tube and Containers | 2079-09-17, 14:00 | 3,000.00 | 1,40,000.00 |

**-Acting Chief Administrative Officer**

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ९७६०० / प्रति तोला – ९७१०० / प्रति तोला – १२९०

## हजारको नोट छाप्ने जिम्मा भारतीय कम्पनीलाई

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले एक हजार दरका ४३ करोड थान बैंक नोट छाप्ने जिम्मा भारतीय सरकारी कम्पनीलाई दिएको छ । भारत सरकारको स्वामित्व रहेको भारत प्रतिभूति मुद्रण तथा मुद्रा निर्माण निगम लिमिटेड (सेक्युरिटी प्रिन्टिङ एन्ड मिन्टिङ कर्पोरेसन अफ इन्डिया लिमिटेड) लाई नोट छपाइका लागि ठेक्का दिन लागिएको हो । राष्ट्र बैंकले बुधबार उक्त ठेक्का सम्झौता गर्नेसम्बन्धी आशयपत्र जारी गरेको छ ।

एक हजार दरका ४३ करोड थान नोटको डिजाइन, छपाइ र ढुवानीको काम भारतीय कम्पनीले नै गर्नेछ । यसका लागि उसले एक करोड ११ लाख ३४ हजार पाँच सय छ अमेरिकी डलर (बुधबारको विदेशी विनिमय दरअनुसार रु एक अर्ब ४५ करोड ८६ लाख २० हजार) बराबर कबोलेको थियो । नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभागले गत सेप्टेम्बरमा अन्तर्राष्ट्रिय बोलकबोल प्रतिस्पर्धाबाट कम्पनी छनोटका लागि ठेक्का प्रस्ताव आह्वान गरेको थियो । त्यसमा ब्राजिल, चीन र फ्रान्सका कम्पनीले पनि प्रस्ताव हालेका थिए तर आर्थिक र प्राविधिकरूपमा उपयुक्त रहेको भन्दै भारतीय कम्पनी छनोटमा परेको हो ।



**दुर्गममा उडान** सरकारी स्वमित्वको नेपाल वायुसेवा निगमको जहाजले मुगुको ताल्चा विमानस्थलमा उडान नगर्दा निजी प्रदायक संस्थाद्वारा सञ्चालित समिट एयरले थोरै संख्यामा उडान भरेपछि यहाँका सर्वसाधारण नेपालगञ्ज र सुर्खेत जाने र आउने गरेका छन् । *तस्बिरः रामदेवी खड्का/रासस*

## सेबोनको स्वीकृति पर्खाइमा ३० कम्पनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभिन्न कम्पनीहरू साधारण सेयर (आईपीओ) निष्काशनका लागि पाइपलाइनमा रहेका छन् । नेपाल धितोपत्र बोर्ड (सेबोन) का अनुसार विभिन्न ३० कम्पनीहरू आईपीओ निष्कासनका लागि सेबोनमा निवेदन दिएर स्वीकृतिको पर्खाइमा छन् । यसरी स्वीकृतिको पर्खाइमा रहेका कम्पनीहरूको ११ अर्ब ९५ करोड २५ लाख ७१ हजार ८८५ रुपैयाँ बराबरको ९ करोड ९ लाख ६६ हजार १४१ कित्ता प्रारम्भिक सेयर निष्कासन हुनेछ ।

सेबोनमा आईपीओ निष्कासनको लागि स्वीकृतिको पर्खाइमा रहेका दुई कम्पनीले बुक बिल्डिङ विधिबाट सेयर बिक्री गर्ने भएका छन् । जसमा सर्वोत्तम सिमेन्ट र रिलायन्स स्पिनिङ मिल्सले बुक बिल्डिङ विधिबाट सेयर निष्कासन गर्न अनुमति मागेका हुन् । सर्वोत्तम सिमेन्टको बुक बिल्डिङ मार्फत २४ लाख कित्ता सेयर निष्काशनको तयारीमा छ । सर्वोत्तमको सेयर प्रतिकित्ता ५०१ रुपैयाँदेखि ७५१.५० रुपैयाँसम्म तोकिएको छ ।

त्यस्तै, आईपीओ निष्काशनका लागि पाइपलाइनमा रहेका कम्पनीहरूमा दुई वटा बिमा कम्पनी, १६ वटा हाइड्रोपावर, दुई वटा लघुवित्त र अन्य समूहअन्तर्गत रहेका डिस मिडिया नेटवर्क, मुक्तिनाथ कृषि कम्पनी, ट्रेड टावर हाथवे इन्भेष्टमेन्ट नेपाल र सिटी होटल्स लगायतका कम्पनीहरू रहेका छन् ।

सेबोनका अनुसार रिलायन्स स्पाइनिङ मिल्सले बुक बिल्डिङ मार्फत सेयर निष्कासन गर्न लागेको छ । त्यस्तै, ट्रेड टावर लिमिटेड, सोनापुर मिनिरल्स एन्ड आयल लिमिटेडले आईपीओ निष्काशन गर्न बोर्डमा आवेदन दिएको छ ।

बोर्डका अनुसार दुई वटा लघुवित्त कम्पनी आईपीओको पाइपलाइनमा रहेका छन् । बिपीडब्लु लघुवित्त वित्तीय संस्था आत्मनिर्भर लघुवित्त वित्तीय संस्था आईपीओ निष्काशनका लागि पाइपलाइनमा रहेको छ ।

त्यस्तै, रिलायबल लाइफ इन्स्योरेन्स १ अर्ब २७ करोड २० लाख रुपैयाँ बराबरको ६० लाख आईपीओ निष्कासन गर्ने तयारीमा रहेको छ । त्यस्तै, आइएमई लाइफ इन्स्योरेन्स पनि ६० करोड रुपैयाँ बराबरको ६० लाख कित्ता सेयर निष्काशनका लागि पाइपलाइनमा रहेको छ । त्यसैगरि, नेपाल रिपब्लिक मिडिया लिमिटेड, डिस मिडिया नेटवर्क लिमिटेड, हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड, सिटी होटल्स पनि सेयर निष्कासनका लागि पाइपलाइनमा रहेको छ ।

आईपीओ निष्काशनको पाइपलाइनमा रहेका हाइड्रोपावर कम्पनीहरूमा चिर्ख्वा हाइड्रोपावर कम्पनी, मोदी इनर्जी लिमिटेडले आईपीओ निष्काशनका लागि बोर्डमा आवेदन दिएको छ ।

त्यसैगरी, भूगोल इनर्जी डेभलपमेन्ट र कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड, अप्पर स्याङगे हाइड्रोपावर, रावा इनर्जी, दोल्टी पावर कम्पनी, मेन्छीयाम हाइड्रोपावर कम्पनी पनि आईपीओ निष्काशन गर्ने तयारीमा रहेको छ ।

त्यसैगरीमाइखोला हाइड्रोपावर कम्पनी, अपर लोहरे हाइड्रोपावर कम्पनी, मोलुङ हाइड्रोपावर कम्पनी, इङवा हाइड्रोपावर कम्पनी, मकर जीतुमाया शुरु हाइड्रोपावर र सानिमा मिडिल तमोर हाइड्रो पावर निष्काशनको लागि पाइपलाइलनमा रहेको बोर्डले जनाएको छ ।

सेबोनका अनुसार सुपरमादी हाइड्रोपावर कम्पनी, सुभम पावर कम्पनीले र थ्री स्टार हाइड्रोपावर लिमिटेडले पनि आईपीओ निष्काशनका लागि बोर्डमा आवेदन दिएको छ । त्यसैगरी, सगरमाथा जलविद्युत कम्पनी र दोल्टी पावर कम्पनीले सेयर निष्काशनका लागि बोर्डमा आवेदन दिएका छ ।

### एघार कम्पनीलाई अनुमति

नेपाल धितोपत्र बोर्डबाट एघार वटा कम्पनीहरुले आईपीओ निष्कासनका लागि अनुमति पाएका छन् । बोर्डले इस्टर्न हाइड्रोपावर, खप्तड लघुवित्त वित्तीय संस्था, श्रृजनशील लघुवित्त वित्तीय संस्था, पिपुल्स पावर कम्पनी, बाराही हाइड्रोपावर कम्पनी, कालिञ्चोक दर्शन लिमिटेड, एशियन हाइड्रोपावर, सुपर माई हाइड्रोपावर, माया खोला हाइड्रोपावर, सुपर मादी हाइड्रोपावर र सुभम पावरलाई आईपीओ निष्काशनको लागि अनुमति दिएको हो ।

जसमध्ये इस्टर्न हाइड्रोपावर, खप्तड लघुवित्त वित्तीय संस्था, श्रृजनशील लघुवित्त वित्तीय संस्था, पिपुल्स पावर कम्पनी, बाराही हाइड्रोपावर कम्पनी, कालिञ्चोक दर्शन लिमिटेडले स्थानीय र सर्वसाधारणमा आईपीओ जारी गरिसकेका छन् ।

## नेप्से परिसूचकमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** पुँजीबजारको बुधबारको कारोबारमा सामान्य अंकको गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधबार तीन दशमलव ५१ अंकले घटेर एक हजार नौ सय ४९ दशमलव ८५ अंकमा कायम भएको हो ।

दुई सय ३८ वटा कम्पनीको कूल २३ लाख ५५ हजार आठ सय ४५ कित्ता सेयर खरिद-बिक्री हुँदा कारोबार रकम भने रु ८४ करोड २६ लाख ९५ हजार तीन सयमा खुम्चिएको नेप्सेले जनाएको छ । ६४ वटा कम्पनीको सेयर मूल्य बढ्दा एक सय २४ वटा कम्पनीको भने घटेको छ ।

लघुवित्त र व्यापार समूहको उपसूचक क्रमशः शून्य दशमलव २७ र १६ दशमलव ४२ अंकले बढ्दा अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी विकास बैंक समूहको उपसूचक १८ दशमलव ८५ अंकले घटेको छ । त्यस्तै, उत्पादन समूहको उपसूचक १८ दशमलव ३७, वित्त समूहको उपसूचक १७ दशमलव ८४, जीवन बिमा समूहको उपसूचक १७ दशमलव ५४, अन्य समूहको उपसूचक ९ दशमलव ७६ र निर्जीबन बिमा समूहको उपसूचक ७ दशमलव ५० अंकले घटेको छ ।

बैंकिङ समूहको उपसूचक शून्य दशमलव ३१, होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ३८, जलविद्युत् समूहको उपसूचक दुई दशमलव २९, लगानी समूहको उपसूचक शून्य दशमलव २३ र म्युचुअल फन्डको उपसूचक शून्य दशमलव १२ अंकले घटेको छ ।

कारोबारमा ग्रीनलाइफ हाइड्रोपावर लिमिटेडका लगानीकर्ताले प्रतिकित्ता चार दशमलव १७ प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा लक्ष्मी इक्विटी फन्डका लगानीकर्ताले प्रतिकित्ता पाँच दशमलव ७६ प्रतिशतका दरले गुमाएका छन् । सबैभन्दा धेरै हिमालयन डिस्टिलरी लिमिटेडको रु चार करोड ७९ लाख ३४ हजार चार सय २३ बराबरको कारोबार भएको छ । कारोबार संख्याका आधारमा भने नविल बैंक लिमिटेडको सेयर चार सय ९६ पटक कारोबार भएको छ ।

**कर्पोरेट**

## हेराल्ड कलेजको दीक्षान्त समारोह




**काठमाडौं (प्रस)–** हेराल्ड कलेज काठमाडौंको दीक्षान्त समारोह-२०२२ सम्पन्न भएको छ । दीक्षान्त समारोहमा स्नातक (ग्रयाजुएट) तह पुरा गरेका ३ सय ९६ जनालाई दीक्षान्तको प्रमाणपत्र प्रदान गरीएको थियो । त्यसमध्ये ३६१ जना विद्यार्थी बिएस्सी (अनर्स) कम्प्युटर साइन्स र ३५ जना विद्यार्थी बिएस्सी (अनर्स) इन्टरनेसनल बिजनेस म्यानेजमेन्ट विषयका रहेका छन् ।

ती बिद्यार्थीलाई बेलायतस्थित उल्भरहेम्टन विश्वविद्यालयका सह उपकुलपति (प्रो भाइस चान्सलर) टिम स्टिलले दीक्षान्तको प्रमाणपत्र प्रदान गरे । विद्यार्थीको उज्ज्वल भविष्यको लागि महत्वपुर्ण यस कार्यक्रममा विद्यार्थीका अभिभावक, शिक्षक लगायतको उपस्थिति रहेको थियो । दीक्षान्त समारोह सबै विद्यार्थीका लागि माइलस्टोन साबित भएको छ । वार्षिक कार्यक्रम अनुसार दीक्षान्त समारोह आयोजना गरेको कलेजले जनाएको छ । सो कलेजबाट दीक्षित उत्कृष्ट विद्यार्थीलाई इनोभेट नेपाल ग्रुपले छात्रवृति उपलब्ध गराएको छ । त्यसैगरी हेराल्ड कलेजमा अन्तराष्ट्रिय एमबिए अध्ययन गर्न समेत छात्रवृतिको व्यवस्था गरेको छ ।

दीक्षान्त समारोहमा बोल्दै कलेजका प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रकाश श्रेष्ठले नेपालमा उत्कृष्ठ र गुणस्तरीय शिक्षा प्रदान गर्न सफल हेराल्ड कलेज काठमाडौंले यस कलेजमा अध्ययन गर्ने विद्यार्थीले भविष्यमा सजिलै रोजगारी हासिल गर्न सक्ने बताए । उनले दीक्षित सबै विद्यार्थीको उज्ज्वल भविश्यको शुभकामना दिएका थिए ।

कार्यक्रमका प्रमुख अतिथि विश्वविद्यालयका प्रो भाइस चान्सलर टिम स्टिलले नेपालमा उत्कृष्ट शिक्षा लिन सफल हेराल्ड कलेज काठमाडौका सम्पुर्ण टिमलाई धन्यवाद दिए । 'म यो गौरब गर्न चाहन्छु कि विश्वविद्यालयको सोच अनुसार कलेजले शिक्षा दिन सकेको छ, दीक्षित विद्यार्थीलाई प्रमाणपत्र दिन पाएकोमा खुसी लागेको छ-प्रो भाइस चान्सलर टिमले भने । दीक्षित हुने विद्यार्थीलाई बधाई दिँदै उनले भविष्यमा देशको लागि उल्लेखनीय काम गर्न हौसला दिए ।

विदेशका कुनैपनि कलेजलाई सम्बन्धन दिँदा कलेजको बारेमा अध्ययन गरेर मात्र दिने उनको भनाई थियो । हेराल्ड कलेज काठमाडौंलाई दिएको सम्बन्धन र यहाँको शिक्षाले नेपालको शिक्षा क्षेत्रमा ठुलो योगदान पुगेको उनको भनाई छ ।

यस विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजबाट उत्तीर्ण विद्यार्थी मध्ये ९६ प्रतिशतले रोजगारी हासिल गरेका छन्, यो कलेज यसैको उहाहरण हो उहाँको भनाई थियो । हेराल्ड कलेज काठमाडौंले चारवर्षे ब्याचलर अफ इन्टरनेशल विजनेश म्यानेजमेन्ट , तीनवर्षे बिएससी (अनर्स) कम्प्युटर साइन्स र दुईवर्षे अन्तराष्ट्रिय एमबिए कक्षा संचालन गरिरहेको छ ।

सन् २०१६ को सेप्टेम्बरबाट कक्षा शुरु गरेको हेराल्ड कलेज काठमाडौं नेपालमा विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज मध्ये उत्कृष्ट मानिन्छ । उल्भरहेम्टन विश्वविद्यालयले विराटनगर इन्टरनेसनल कलेजलाई समेत सम्बन्धन दिएको छ ।

आइएनजीले संचालन गरेको हेराल्ड कलेज काठमाडौंको बारेमा जानकारी दिँदै ग्रुपका अध्यक्ष शुलभ बुढाथोकीले यहाँ अध्ययनरत विद्यार्थीले नेपालको सरकारी निकाय, उत्कृष्ट ब्यापारिक प्रतिष्ठानमाहरुमा रोजगार पाइरहेको बताए ।

उनले वेलायती विश्वविद्यालयको डिग्री विश्वकै उत्कृष्ट रहेको दाबी गर्दै यहाँ पढ्ने विद्यार्थीहरु सुचना प्रविधि क्षेत्रमा अग्र स्थानमा रहेको धारणा राखे । अध्यक्ष बुढाथाकीले नेपालमा वेलायती शिक्षाले गर्दा विद्यार्थीमा स्वअध्ययन बढेको धारणा समेत व्यक्त गरे ।

## नेसनल लाइफको अभिकर्ता भेला

**काठमाडौं (प्रस)–** नेसनल लाइफ इन्स्योरेन्सले कर्णाली प्रदेशको सुर्खेतमा अभिकर्ता भेला



तथा पुनर्ताजगी कार्यक्रम सम्पन्न गरेको छ । प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीको प्रमुख आथित्यतामा सम्पन्न भएको सो भेलामा कम्पनीको सुर्खेत कार्यालयमा आबद्ध करिब १५० जना अभिकर्ताको सहभागिता थियो ।

प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले अभिकर्ता पेसालाई व्यावसायिक बनाउँदै उनीहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्ने र कम्पनीको व्यवसाय समेत प्रवर्द्धन गर्दै लैजाने नीतिअनुरुप कम्पनीले यसप्रकारको कार्यक्रम आयोजना गर्दै आएको बताए ।

कम्पनीका बजार व्यवस्थापन विभाग प्रमुख विवेक शर्माले सहभागी अभिकर्ताहरुलाई प्रस्तुतिकला सम्बन्धमा प्रशिक्षण दिएका थिए । भने सुर्खेत शाखाबाट उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताहरुलाई प्रमुख कार्यकारी अधिकृत खत्रीले सम्मान गरेका थिए ।

तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनिश्चित विवाह
- बहु विवाह
- दाईजो विवाह
- दबाव विवाह

विचार गर्नुस्,
के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानुनी अपराध हुन् ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ